बेसीशहर नगरपालीका
# नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

Website:besishaharmun.gov.np
Email: besishaharmunicipility.gov.n

फ्याक्स नं ०६६-५२०२०४
फो नं ०६६५२०२०४


## कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धमा
## प्रथम पटक प्रकाशित मिति २०८१/०४/२१

बेसीशहर नगरपालिका **पशुपन्छी तथा मत्स्य विकास शाखाको** आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रममा रहेको तपशिल अनुसारको कार्यक्रमहरु संचालनका लागि देहाय अनुसारका न्युनतम शर्तहरु पुरा गर्ने इच्छुक कृषक/कृषि फर्म/कृषक समूहहरुले आवश्यक कागजातहरु समावेश गरी यो सूचना प्रकाशन भएको मितिले ३० दिन (२०८१/०५/१९ गते) भित्र तोकिएको ढाँचामा पशुपन्छी तथा मत्स्य विकास शाखामा आवेदन पेश गर्नुहुन सम्वन्धित सम्पूर्णमा जानकारीको लागि सूचना प्रकाशन गरिएको छ।

**तपशिल:**

| क्र.सं | कार्यक्रमको नाम | वार्षिक लक्ष्य | अनुदान प्रतिशत/रकम | आवश्यक न्युनतम शर्तहरु |
|---|---|---|---|---|
| १ | गाई/भैसीको गोठ स्थापना तथा मर्मत | १० वटा | अधिकतम ५० प्रतिशत (बढिमा ५० हजार मात्र) | • ३ वा सो भन्दा बढि माउ गाई/भैसी पालन गरेको हुनुपर्ने, |
| २ | गाई/भैसीको मोडेल फर्म स्थापना | १ वटा | अधिकतम ५० प्रतिशत (बढिमा १ लाख ५० हजार मात्र) | • ८ वा सो भन्दा बढि माउ गाई/भैसी पालन गरेको हुनुपर्ने, • बेसीशहर नगरपालिकामा व्यवसाय सुचिकृत गरेको हुनुपर्ने, |
| ३ | मत्स्य पोखरी मर्मत | ४ वटा | अधिकतम ५० प्रतिशत (बढिमा १५ हजार मात्र) | • १ रोपनी क्षेत्रफलमा मत्स्य पालन गरेको हुनुपर्ने, |
| ४ | डिपिङ्ग टयाङ्क वितरण | ८ वटा | अधिकतम ५० प्रतिशत | • २० वा सो भन्दा बढि माउ भेडा/बाखा पालन गरेको हुनुपर्ने, |
| ५ | मिल्क क्यान वितरण | ४० वटा | अधिकतम ५० प्रतिशत | • ३ वा सो भन्दा बढि माउ गाई/भैसी पालन गरेको हुनुपर्ने, |
| ६ | सोलार वितरण | १५ वटा | अधिकतम ५० प्रतिशत | • घुम्ती रुपमा पशुपालन गरेको हुनुपर्ने, |
| ७ | त्रिपाल वितरण | १५ वटा | अधिकतम ५० प्रतिशत | |

**आवश्यक कागजातहरु:**

१. तोकिएको ढाँचामा निवेदन।
२. नेपाली नागरिकताको प्रतिलिपी।
३. बेसीशहर नगरपालिकामा व्यवसाय सुचिकृत भएको प्रमाण पत्रको प्रतिलिपी।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
५. समूह/सहकारी/समितिहरु भएमा सोको निर्णय प्रतिलिपी।
६. फार्म भएको स्थानको लालपुर्जा वा जग्गा भाडामा भए कम्तीमा १० वर्षको सम्झौता पत्रको प्रतिलिपी।
७. पशुको विमा गरेको विमालेखको प्रतिलिपी।
८. पशुको पूर्ण खोप कार्यक्रम अन्तर्गत खोप लगाएको खोप कार्डको प्रतिलिपी।

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

डा. जयन्त महत
पशु चिकित्सक (अधिकृतस्तर सातौं)
शाखा प्रमुख

"पर्यटकीय, ऐतिहासिक, व्यवसायिक कृषि नगर, स्वच्छ, समृद्ध, हराभरा हाम्रो बेसीशहर"